# ९६ औँ कार्यपालिका बैठक (२०८१।०२।३२)

विषय सूची:-

१. गत कार्यपालिका वैठकको समिक्षा सम्बन्धमा

२. आर्थिक वर्ष ०८१/०८२ को लागि नदीजन्य तथा खानीजन्य पदार्थको ठेक्काको सूचना प्रकाशन सम्बन्धमा

३. १५ औँ नगरसभा वैठक आव्हान सम्बन्धमा

४. विविध

क) कार्य सम्पन्न योजनाको कार्यतालिका स्वीकृत सम्बन्धमा

ख) ठेक्का मार्फत संचालित योजनाको म्याद थप सम्बन्धमा

ग) आर्थिक सहायता सम्बन्धमा

घ) हिउदे तथा वर्षे फलफूल खेती कार्यक्रम सम्बन्धमा

घ) लक्षित वर्गको पञ्चवर्षिय रणनीति स्वीकृत सम्बन्धमा

निर्णयहरू:

**प्रस्ताव नं १: गत कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा**

**निर्णय नं १:** यस नगर कार्यपालिकाको अघिल्लो मितिमा भएका बैठकले गरेका निर्णयहरु कार्यान्वयन अवस्थाका बारेमा समिक्षा/छलफल गरी कार्यान्वयनमा गएको र निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित शाखाहरुलाई पत्र मार्फत निर्देशन दिएको।

**प्रस्ताव नं २: आर्थिक वर्ष ०८१/०८२ को लागि नदीजन्य तथा खानिजन्य पदार्थ ठेक्काको सूचना प्रकाशन गर्ने सम्बन्धमा**

**निर्णय नं २:** आर्थिक वर्ष ०८१/०८२ को नदीजन्य तथा खानिजन्य पदार्थ (ढुङ्गा/गिट्टी/वालुवा) को ठेक्का लगाउन तपसिलमा उल्लेख गरीएको खोला, नदीको आई.ई.ई. (IEE) गरी वगर क्षेत्रवाट निकासी हुने नदीजन्य तथा खानिजन्य पदार्थको ठेक्का लगाउन राजश्व परामर्श समितिवाट सिफारिस भई आएको हुँदा प्रस्तावित अंकमा ठेक्का लगाउन सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने। प्रदेशबाट दररेट परिवर्तन भएमा सोहि बमोजिम गर्न निर्देशन दिने।

विवरण तपशिल :

| क.सं. | नदी/खोलाको नाम | वार्षिक उत्खनन योग्य परिमाण | | दर रु. | रकम (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | घन मि. | घन फि. | | | |
| १ | त्रिशूली नदी त्रिशूली पुरानो पुल देखि माथि वेत्रावती दोभान सम्म र गेर्खु खोलाका क्षेत्र | ३८६४७.५ | १३६४६४३ | ९ | १,२२,८१,७८७ | |
| २ | त्रिशूली नदी त्रिशूली पुरानो पुल देखि तल मौरी टार वगर सम्मका क्षेत्रहरु र सामरी खोलाका क्षेत्रहरु | ३१६४५ | १११७३८५ | ९ | १,००,५६,४६५ | |
| ३ | तादी नदी | ७९,५२० | २८०७८५१ | ९ | २,५२,७०,६५९ | |
| ४ | सलाखु, फलाखु खोला | २८१३५ | ९९३४४७ | ९ | ८९४१०२३ | |
| जम्मा | | १७७९४७.५ | ६२,८३,३२६ | ९ | ५,६५,४९,९३४ | |

ख) यस विदुर नगरपालिका भित्रवाट आ.व.०८१/०८२ मा हुने कवाडी जन्य पदार्थ (विच्छयाउने स्लेट सिमेण्ट टायल विभिन्न किसिमका कवाडी आर्थिक ऐन २०८१ मा तोकिएको कवाडी सामान) सामाग्रीको भ्याट वाहेक १० लाखमा निकासीको ठेक्का लगाउन राजश्व परामर्श समितिवाट सिफारिस भई आएको हुँदा उल्लेखित रकममा ठेक्का लगाउन कार्यालयलाई निर्देशन दिने ।

ग) दर्तावाला खानीहरुको खानीजन्य सामाग्री ठेक्का आव्हान गर्नु अघी सार्वजनिक सुनुवाई गरी राजश्व परामर्श समिति र कार्यपालिकाको निर्णय अनुसार कार्यान्वयन गर्न स्वीकृतिको लागि नगरसभामा पेश गर्ने र नगरसभावाट स्वीकृत भए पश्चात कार्यान्वयन गर्न पहल गर्ने ।

**प्रस्ताव नं ३: १५ औँ नगरसभा बैठक आव्हान सम्बन्धमा**

**निर्णय नं ३:** यस नगपालिकाको १५ औं नगरसभा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (१९) को उपदफा (४) अनुसार मिति २०८१ असार ७ गते जिल्ला समन्वय समितिको हलमा गर्ने ।

**प्रस्ताव नं ४: : विविध**

**निर्णय नं ४**

**क) कार्य सम्पन्न योजनाको कार्यतालिका स्वीकृत सम्बन्धमा**

यस नगरपलिकाबाट चालु आ.व. मा संचालित कार्यक्रमहरूको प्रगति एवं कार्यसम्पन्न तालिका विदुर नगरपालिका अनुगमन तथा मूल्यांकन समितिको मिति २०८१।०२।३१ गतेको निर्णय अनुसार तपसिल बमोजिम गर्ने गरी सिफारिस भएकोले सोहि बमोजिम गर्न सम्बन्धित शाखालाइ निर्देशन दिने ।

तपसिलः

१. ०८१ आषाढ १५ गते भित्र फिल्डमा भएको कामको मूल्यांकन गर्ने

२. ०८१ आषाढ २० सम्म अनुगमन कार्य सम्पन्न गर्ने

३. ०८१ आषाढ २०-२५ गते सम्म भुक्तानी कार्य सम्पन्न गर्ने

**ख) ठेक्का मार्फत संचालित योजनाको म्याद थप सम्बन्धमा**यस कार्यालयबाट निर्माण भइरहेको तपसिलमा उल्लेखित योजनाको ठेक्का सम्झौता अनुसार काम सम्पन्न नभएको हुँदा सम्बन्धित निर्माण व्यवसायीको माग बमोजिम निम्न लिखित योजनाको म्याद थप गरी थपिएको समयमा काम सम्पन्न गर्न सम्बन्धित निर्माण व्यवसायीहरुलाई पत्राचार गर्ने ।

तपसिलः

१) विदुर नगरपालिका प्रशासकीय भवन निर्माण को मिति २०८१।०३।१५ सम्म म्याद रहेकोमा मिति २०८१/६/३० सम्म थप गर्ने ।

२) हात्तीगौडा राइसिङ डेउडी सडक, विदुर ८ र १३ को म्याद मिति २०८०/१२/३० सम्म रहेकोमा मिति २०८१।०६।३० सम्म थप गर्ने ।

३) देउराली मालेभन्ज्याङ पार्क निर्माण, विदुर १२ को म्याद मिति २०८१।०१।३१ सम्म रहेकोमा मिति २०८१।०३।२० सम्म थप गर्ने ।

४) गर्खुटार गेर्खुखोला सिंचाइ, विदुर १० को म्याद मिति २०८०।१२।३० सम्म रहेकोमा मिति २०८१/३।१५ सम्म म्याद थप गर्ने ।

**ग) आर्थिक सहायता सम्बन्धमा**

म्यागड गाउँपालिकाका वर्तमान अध्यक्ष श्री आशा तामाङलाइ क्यान्सर रोगको औषधि उपचारको लागि दिन मिल्ने जुनसुकै शीर्षकवाट रू ३,००,०००। (अक्षेरूपी तीन लाख मात्र) अनुदान सहयोग गर्ने ।

**घ) हिउदे तथा वर्षे फलफूल खेती कार्यक्रम सम्बन्धमा**

विदुर नगरपालिकाको चा.लु आ.व २०८०।०८१ को स्वीकृत वार्षिक आन्तरिक तर्फको हिउदे तथा वर्षे फलफूल खेती कार्यक्रम संचालनको लागि मिति २०८१।०१।३१ गतेको आर्थिक विकास समितिको निर्णय अनुसार नगरपालिका मातहतका कार्यालयहरू (वडा कार्यालयमा वडाको माग अनुसार, स्वास्थ्य चौकी, सामुदायिक विद्यालयहरू) लाई शत प्रतिशत अनुदानमा र अन्यलाइ ७५ प्रतिशत अनुदानमा फलफूलको विरूवा वितरण गर्ने निर्णयलाइ अनुमोदन गर्ने ।

**घ) लक्षित वर्गको पञ्चवर्षिय रणनीति स्वीकृत सम्बन्धमा**

यस विदुर नगरपालिकाका लक्षित वर्ग समुदायको सशक्तिकरणका लागि डा. बुद्धि नेपाली रिसर्च फाउन्डेशनद्वारा कार्यापलिकामा प्रस्तुत गरिएको पञ्चवर्षिय रणनीति (२०८१- २०८५) स्वीकृत गर्ने ।

बैठक संख्या:९६ (छयानब्बे)औं

समय:

आज मिति २०८१ जेठ ३२ गते शुक्रवारका दिन विदुर नगरपालिकाका नगर प्रमुख श्री राजन श्रेष्ठ ज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री प्रभा बोगटी | नगर उपप्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री निलम बाबु ढुंगेल | वडा अध्यक्ष | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | |
| ८ | श्री श्याम कृष्ण चालिसे | वडा अध्यक्ष | |
| ९ | श्री रबिन्द्र नेपाल | वडा अध्यक्ष | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री बाबुराम तामाङ | वडा अध्यक्ष | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | |
| १५ | श्री भरत बहादुर तामाङ | वडा अध्यक्ष | |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिव बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | |
| १९ | श्री इन्दिरा मिजार | कार्यपालिका सदस्य | |
| २० | श्री राधिका तामाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री विन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | |
| २३ | श्री सबु मिजार | कार्यपालिका सदस्य | |
| २४ | श्री विनोद कुमार खनाल | प्रमुख प्रशासकीय अधिकृत | |